देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
१ नं प्रदेश, नेपाल

## यूवा वर्ग लक्षित कार्यक्रम
## लोक सेवा तयारी कक्षामा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मितिः-२०७९/०७/२८)**

देवानगञ्ज गाउँपालिका, यूवा वर्ग लक्षित आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत यूवा वर्गहरुको लागि लोक सेवा तयारी कक्षा सञ्चालन हुने भएको हुँदा देवानगञ्ज गाउँपालिका भित्र बसोवास गरेको यूवाहरुले मिति २०७९/०८/१२ गते कार्यालय समय भित्र देहायमा उल्लेखित विवरणहरु संलग्न राखि आवेदन पेश गर्न सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**क) पेश गर्नु पर्ने विवरणहरु**

१) सादा कागजमा देवानगञ्ज गाउँपालिकाको कार्यालयलाई सम्बोधन गरिएको आवेदन । (आवेदनमा कुन सेवा, समूह, पद र तहको लागि तयारी कक्षामा सहभागि हुन इच्छुक हो सो अनिवार्य रुपमा खुलाउनु पर्नेछ । )

२) नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।

३) लोक सेवा आयोगले सेवा, समूह र पद वा तह अनुसार निर्धारण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

४) लोक सेवा आयोगले प्रकाशित गरेको विज्ञापन अनुसार फाराम भरेको भए प्रवेशपत्रको प्रतिलिपी ।

**ख) आवेदकको योग्यता र दस्तुर**

१) आवेदन दिने अन्तिम मिति १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने र महिलाको हकमा ४० वर्ष । अन्य प्रचलित कानुनद्धारा अयोग्य नठहरिएको हुनुपर्ने छ ।

२) देवानगञ्ज गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गरेको प्रमाण ।

३) लोक सेवा आयोगले निर्धारण गरेको विभिन्न सेवा, समूहका राजपत्र अनंकित प्रथम र पाँचौ तहको लागि मात्र आवेदन दिन सकिने ।

४) आवेदन दस्तुर रु. १००/-

**गं) दरखास्त दिने स्थान र अन्तिम मिति**

१) दरखास्त दिने स्थान : प्रशासन शाखा, देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्ज, सुनसरी ।

२) दरखास्त दिने अन्तिम मिति : २०७९/०८/१२ गते (सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय सम्म)

.............................................

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत